आज मिति २०७८/१२/२९ गतेका दिन संखुवासभा जिल्ला सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री राम बहादुर राई ज्युको अध्यक्षतामा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसेको १०० औं गाउँ कार्यपालिका बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

**उपस्थितिहरुः**

१.श्री राम बहादुर राई गा.पा. अध्यक्ष

२.श्री लाल कुमारी राई गा.पा. उपाध्यक्ष

३.श्री आलक्ष कुमार राई वडाध्यक्ष (वडा नं.१)

४.श्री मोहन सम्सेर राई वडाध्यक्ष (वडा नं.२)

५.श्री प्रताप सिंह तामाङ वडाध्यक्ष (वडा नं.३)

६. श्री देवेन्द्र राई वडाध्यक्ष (वडा नं.४)

७.श्री ईश्वर राई वडाध्यक्ष (वडा नं.५)

८.श्री नरभुपाल राई कार्यपालिका सदस्य

९.श्री बिनोद कुमार राई कार्यपालिका सदस्य

१०. श्री मेनुका राई कार्यपालिका सदस्य

११. श्री बिना राई कार्यपालिका सदस्य

१२. श्री सबिता विश्वकर्मा कार्यपालिका सदस्य

१३. श्री राधा विश्वकर्मा कार्यपालिका सदस्य

१४.श्री राम राज पौडेल प्रमुख प्रशासकीय अधिकृतक

**आमन्त्रित**

१.श्री भद्र बहादुर राई अधिकृत छैटौ

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१.९९ औ गाउँकार्यपालिका बैठक निर्णय समिक्षा सम्बधमा ।

२.बजेट ब्यावस्थापन सम्बन्धमा ।

३.गरिव घरपहिचान अन्तर्गतका कर्मचारीको पारिश्रमिक भुक्तान सम्बन्धमा ।

४.बाकी बजेट सोही योजनामा खर्च गर्ने सम्बन्धमा ।

५.आदिबासी जनजाति सुचिकरण गर्ने सम्बन्धमा ।

६.सिफारिश गर्ने सम्बन्धमा ।

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकाको मिति २०७८/१२/०६ गतेको ९९ औ कार्यपालिका बैठकले निर्णय गरेका निर्णयहरु समिक्षा गर्दा सन्तोषजनक रुपमा कार्यन्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथि छलफल गर्दा मिति २०७९/०१/३० गते हुन लागेको स्थानीय तह सदस्यको निर्वाचन प्रयोजनार्थ बिभिन्न मितिमा स्थानीय तहबाट कार्यालय ब्यवस्थापन तथा मतगणना स्थल दृश्य अवलोकन प्रणाली ( Vote Counting System - VCMS ) प्रणाली संचालनार्थ निर्बाचन आयोगबाट स्थानीय तहलाई आफ्नै बजेटबाट ब्यवस्थापन गर्न निर्देशन भई आएको तथा आकस्मिक रुपमा आएको निर्देशनको लागि छुट्टै शिर्षकमा बजेट ब्यावस्था नभएकोले निर्बाचन प्रयोजनार्थ तपशिल बमोजिमका कार्यक्रमहरु बजेट बचत हुने उल्लेखित बजेट शिर्षकबाट खर्च गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

क) निर्वाचन अधिकृत कार्यालय निर्माण गर्न लागिएको सगरमाथा माध्यमिक बिद्यालयको भवनमा शौचालय ब्यावस्था नभएकोले सो निर्माण कार्य खुंवा खानेपानी निर्माण योजनाबाट

ख)मतगणना स्थल दृश्य अवलोकन प्रणाली जडान, साझेदारी फण्ड शिर्षकबाट

ग) निर्वाचन कार्यालय फर्निचर फिक्सर ब्यावस्थापन कार्यक्रमः चालु बिबिध खर्च शिर्षकबाट

निर्णय नं.-३

प्रस्ताव न.-३ माथि छलफल गर्दा गरिवघर पहिचान अन्तर्गत गुनासो सुनुवाई अधिकारीहरुलाई सशर्त अनुदान शिर्षकमा प्राप्त बजेटबाट पारिश्रमिक भुक्तानी गर्न अपुग हुने भएकोले रकम उपयुक्त चालु खर्च शिर्षकबाट भुक्तानी गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथि छलफल गर्दा तपशिलका योजनाहरुको टेण्डर प्रणालीबाट निर्माण कार्य अगाडि बढाईएकोमा केही कम टेण्डर संझौता भएकोले बाकी रकम सोही आयोजनामा लागत अनुमान गरी तत्काल कार्य अगाडि बढाउने सर्बसम्मत निर्णय गरियो ।

क) प्राथमिक स्वास्थ्य केन्द्र निर्माण योजना ।

ख) वातेम्मा, खाम्खु, वाङटाङ, तम्बे सम्म सडक निर्माण योजना

निर्णय नं.-५

निर्णय नं.-५ माथि छलफल गर्दा राष्ट्रिय मानव अधिकार आयोगको च.नं.१७४२, मितिः २०७५/१२/०४ को पत्रमा बुदां नं. १४ मा आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ बमोजिमको सूचीमा सूचिकृत र सुचीकृत हुन बाँकी आदिबासी जनजातिहरुको विषयमा पुनरावलोकन गरी छुट भएकाहरुलाई सुचिकृत गर्न गराउन उल्लेख भए बमोजिम, प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालयको च.नं. मा./७२१/६८२४ मिति २०७५/१२/१४ गतेको सिफारिश कार्यन्वयन गर्ने उल्लेख सहितको पत्र र संघिय मामिलम तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१४५ मिति २०७६/०१/०४ गतेको राष्ट्रिय मानव अधिकार आयोगको सिफारिश कार्यान्वयन सम्बन्धमा भन्ने उल्लेखित प्राप्त पत्र अनुसार यस सिलीचोङ गाउँपालिकामा आदिवासी जनजातिहरुको सुचिकरण गर्ने उदेश्यले यस पालिकाको आदिवासी जनजाति सुचिकरण कार्यबिधि, २०७८ बमोजिम मिति २०७८/११/२० गतेबाट आदिवासी जनजाति सुचिकरण कार्य समुहले सुचिकरण हुनका लागि सुचना आव्हान तथा एक महिना समयावधी भित्र रही बिभिन्न अध्ययन तथा खोज मुलक कार्य सम्पन्न गरी प्रतिबेदन उपलब्ध गराएको र उक्त प्रतिबेदन माथि छलफल/ अध्ययन गर्दा आदिबासी जनजाति बिषयको राष्ट्रिय, अन्तराष्ट्रिय मावदण्ड अनुसार छोटो समयमा गहिरो अध्ययन र सन्तोषजनक प्रतिबेदन प्राप्त भएकोले कार्यसमुहलाई धन्यवाद ज्ञापन गरी उक्त प्रतिबेदनलाई अनुमोदन गर्दै निम्न आदिवासी जनजातिहरुलाई यस गाउँपालिकामा सुचिकरण भएको साथै कार्यबिधि अनुसार पालिकाको वेवसाईटमा राखी सार्वजनिक गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपशिल

१.कुलुङ

२.मेवाहाङ

३.थुलुङ

४.खालिङ

५.चाम्लिङ

६.वान्तावा

७.साम्पाङ

८.दुमी

निर्णय नं.-६

प्रस्ताव नं.-६ माथि छलफल गर्दा सिलीचोङ गाउँपालिकामा आदिवासी जनजाति सुचिकरण कार्यबिधी, २०७८ अनुसार आदिवासी जनजाति सुचिकरण सम्बन्धी कार्य समुहले सिलीचोङ गाउँ पालिकालाई बुझाएको एक/एक थान प्रतिबेदन सहित राष्ट्रिय मानव अधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको